Rabindra Adhikari
Pokhara, Nepal
TEL:+977-9856022533
*Email: info@rabindraadhikari.com*
*URL: http://www.rabindraadhiakari.com,*

*Date:23 Feb 2015*

**नेकपा एमाले क्षेत्रीय कमिटि क्षेत्र नं. ३ कास्कीद्वारा आयोजित यस पत्रकार भेटघाट कार्यक्रममा पत्रकार एवम् संचारकर्मी साथीहरूलाई स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।**

कास्की जिल्ला निर्वाचन क्षेत्र नं. ३ मा पोखरा उप-महानगरपालिकाका ९ वटा वडा र लेखनाथ नगरपालिकाका ३ वटा वडा यस क्षेत्रमा पर्दछन् । कास्कीको यस क्षेत्रमा २०६६ सालबाट प्रारम्भ भएको सांसद विकास कोष (हाल संशोधन भई निर्वाचन क्षेत्र विकास कार्यक्रम) र २०७१ बाट प्रारम्भ भएको क्षेत्र विकास पूर्वाधार विशेष कार्यक्रम चालु छ । निर्वाचन क्षेत्र विकास संचालन कार्यविधि नियमावली २०५८ र निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि नियमावली २०७१ अनुसार यी दुवै कार्यक्रम संचानमा भएको यहाँहरूलाई विदितै छ । दुवै कार्यक्रमको निर्देशन तथा व्यवस्थापनको विधि अनुसार विनियोजित रकम विकास निर्माणका काम तथा पूर्वाधार विकासका काममा योजना संचालन र सम्पन्न भएका छन् । तत्कालिन गा.वि.स. तथा नगर वडाका स्थानीय तहबाट प्रस्तावित भई आएका क्षेत्र विकास र पूर्वाधार क्षेत्र विकासका योजनाहरूलाई प्राथमिकतामा राख्ने र आर्थिक बर्षका प्रारम्भमा योजना छनौट भए लगतै पत्रकार भेट्घाटको माध्यमबाट उपभोक्ता र नागरिकको उपस्थितीमा योजना, विनियोजित रकमको विवरण सार्वजनिक गर्दै आएका छौं । यसले हामीलाई जनता प्रति जवाफदेही बनाउने र योजनाको पारदर्शितामा महत्वपूर्ण बल पुऱ्याएको छ । सार्वजनिकीकरण गर्ने माध्यमले नागरिकमा केवल सुसुचित हुने मात्र नभई योजनाको प्रभावकारिता बढ्ने र योजना सम्पन्न गर्नमा जनसहभागिता बृद्धि समेत भएको छ । केही योजनामा विनियोजित रकम बराबरको आर्थिक योगदान जनसहभागिताबाट रहेको छ भने धेरै योजनामा खाशगरी निर्वाचन क्षेत्र विकास कार्यक्रममा विनियोजित रकमको दाँजोमा दशौं गुणा आर्थिक परिचालन भएको यथार्थताले विकासमा जनसहभागिताको चासो र गम्भिरतालाई बुझ्न सकिन्छ ।

योजना छनौट गर्दा योजना सम्पन्न हुन लाग्ने लागत रकम र योजना प्रारम्भ भएदेखि ६ महिना भित्र फरफारक हुने सम्भाव्यतालाई हेरी योजना छनौट गर्ने र बजेट विनियोजित गर्ने पक्षलाई विशेष ध्यान पुऱ्याइएको छ । इलाका स्तरिय योजना तर्जुमा गोष्ठिबाट आएका योजना र जिविसमा पेश भएका योजनाहरूको प्राथमिकताका आधारमा प्राविधिक र लागत मूल्याङ्कन गर्न लगाई तीन चरणको छनौट पुरा गरेर मात्र योजना छनौट गर्ने पद्दती विकास गरेका छौं ।

निर्वाचन क्षेत्रको विकास तथा पूर्वाधार विशेष कार्यक्रम दुवै कार्यक्रमलाई जिल्ला विकास समिति कास्कीमा बजेट अख्तियारी आएको लगतै योजना छनौट गरि बजेट पेश गर्न तथा उपभोक्ता समिति निर्माण गर्नमा अग्रसरता

Rabindra Adhikari
Pokhara, Nepal
TEL:+977-9856022533
Email: info@rabindraadhikari.com
URL: http://www.rabindraadhiakari.com,

देखाइएको छ । योजना अनुगमन, निरिक्षण र ती योजनाहरूको प्रगति समिक्षालाई महत्व दिइएको छ । कार्यक्रमको
समिक्षामा सन्तुष्ट मात्र होइन तुलनात्मक रूपमा राम्रो प्रतिफल आएको छ । यी योजनाहरूमा विभिन्न महत्वका संघ संस्थाहरूले हेर्ने र अनुगमन गर्ने चासो देखाएका छन् । यस बर्ष र विगत बर्षका योजना कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन र समिक्षाका लागि अनुरोध गर्दछु ।

आगामी दिनमा सबै क्षेत्र र तहबाट चासो, सहयोग र सहभागिता रहने विश्वासकासाथ दीर्घकालिन प्रभाव पार्ने खासगरी पूर्वाधार विकासको जग बलियो पार्ने योजनाहरूलाई प्राथमिकता दिइएको छ । एकै आर्थिक बर्षमा सम्भव नभएका योजनाहरूलाई आउने आर्थिक बर्षहरूमा समावेस गरीने छ । आर्थिक बर्ष २०७२/०७३ मा छनौंट गरिएका योजना बजेट यस प्रकार रहेको छ ।

रविन्द्र अधिकारी
सांसद, व्यवस्थापिका संसद
निर्वाचन क्षेत्र नं. ३ कास्की
२०७२/१०/९

## क्षेत्र विकास पूर्वाधार विशेष कार्यक्रम-२०७२/०७३
## छनोट योजना र विनियोजित बजेट विवरण

| क्र.सं. | योजनाको नाम | योजनाको किसिम | ठेगाना | विनियोजित रकम |
|---|---|---|---|---|
| १. | फुस्रेखोला-रामदी-मट्टिखान ग्रामीण सडक | सडक | पोखरा-२४ | १०,००,००० |
| २. | दोपहरे-कृस्ती-माझगाउँ-बक्रेक-पौवैगौंडे ग्रामीण सडक | सडक | पोखरा-२४ | १०,००,००० |
| ३. | भगेरथान मार्ग नाली निर्माण | सडक | पोखरा-१७ | १०,००,००० |
| ४. | चैनपुर-देउराली-चौवादी-लप्सीबोट ग्रामीण सडक | सडक | लेखनाथ-१७, १८ | ८,००,००० |
| ५. | द्वार-ठूलढुंगा-छाँटीभन्ज्याङ-गैरीगाउँ ग्रामीण सडक (ट्र्याक खोल्ने) | सडक | लेखनाथ-१७ | १०,००,००० |

# Rabindra Adhikari

Pokhara, Nepal

TEL:+977-9856022533

*Email: info@rabindraadhikari.com*
*URL: http://www.rabindraadhiakari.com,*


| | | | | |
|---|---|---|---|---|
| ६. | निर्मलपोखरी-चिलाउनेखर्क ग्रामीण सडक | सडक | पोखरा-२३ | ८,००,००० |
| ७. | भरतपोखरी नमुना मार्ग ट्रयाक खोल्ने | सडक | लेखनाथ-१८ | ७,००,००० |
| ८. | जनप्रिय उच्च मावि प्रयोगशाला निर्माण | शिक्षा | पोखरा-८ | १५,००,००० |
| ९. | शान्ति उदय उच्च मावि कम्पाउण्ड निर्माण | शिक्षा | लेखनाथ-१८ | १०,००,००० |
| १०. | भरतपोखरी भगवती चौतारा डिप बोरिङ | खानेपानी | लेखनाथ-१७ | १५,००,००० |
| ११. | लेवाडे पुरानो साम्मी खानेपानी लिˆटीङ | खानेपानी | पोखरा-२३ | ९,००,००० |
| १२. | तिक्लाङ खानेपानी आयोजना ट्यांकी निर्माण | खानेपानी | लेखनाथ-१६ | ९,००,००० |
| १३. | रेडक्रस सोसाइटी अपुरो भवन निर्माण | सामुदायिक भवन | पोखरा-१७ | ७,००,००० |
| १४. | पोखरी पुनः निर्माण, मासबार | पर्यावरण संरक्षण | पोखरा-७ | १५,००,००० |
| १५. | फोक्सिङकोट कालिका मन्दिर भ्यु टावर | पर्यटन | पोखरा-२३ | ७,००,००० |

# Rabindra Adhikari

Pokhara, Nepal

TEL:+977-9856022533

*Email:* *info@rabindraadhikari.com*
*URL:* *http://www.rabindraadhiakari.com*,


## निर्वाचन क्षेत्र विकास कार्यक्रम

## निर्वाचन क्षेत्र नं. ३, कास्की

### योजना र विनियोजित रकम (आ.व. २०७२/०७३)

| स्थान | कार्यक्रम | बजेट माग | किसिम |
|---|---|---|---|
| पोखरा-४ | ढलान बाटो निर्माण | २,००,०००।- | बाटो |
| पोखरा-५ | वडा चोक चक्लाबन्दी | १,५०,०००।- | बाटो+स्ल्याप निर्माण |
| पोखरा-६ | शिव मन्दिर पार्क व्यवस्थापन | १,००,०००।- | पार्क संरक्षण |
| पोखरा-७ | झपिन्द्र स्मृति पार्क व्यवस्थापन | १,५०,०००।- | पार्क संरक्षण |
| पोखरा-८ | सिद्धार्थ क्लब कम्प्युटर खरिद | १,५०,०००।- | कम्प्युटर |
| पोखरा-९ | शिव टोल ट्रस निर्माण | १,००,०००।- | ट्रस भवन |
| पोखरा-१७ | टेबल टेनिस तथा ढल निर्माण | २,५०,०००।- | ढल निर्माण |
| पोखरा-२३ | दोबिल्ला मरेडाँडा पैदल सिढी बाटो निर्माण | १,००,०००।- | सिंढी बाटो |
| पोखरा-२४ | भीरस्वाँरा-धुँवारकोट सडक निर्माण | १,५०,०००।- | सडक |
| लेखनाथ-१६ | लामगादी सामुदायिक भवन निर्माण | २,००,०००।- | भवन |
| लेखनाथ-१७ | तुलराज स्मृति प्रतिष्ठान भवन मर्मत तथा रंगरोगन | ३,००,०००।- | भवन |
| लेखनाथ-१८ | बमफाना खानेपानी आयोजना, बरपौवा | १,००,०००।- | खानेपानी योजना |
| | निर्वाचन क्षेत्रीय कार्यालय सञ्चालन | ५०,०००।- | |